# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सार्वजनिक सुनुवाई कार्यक्रम २०७१

*कार्तिक ३० गते*




मिति: २०७१।०८।१७

मितिः २०७१।८।१७

**श्री कार्यकारी अधिकृत ज्यु**
**सिद्धार्थनगर नगरपालिका भैरहवा**

**विषयः– प्रतिबेदन संम्बन्धमा**

महोदय,

उपरोक्त संम्बन्धमा भैरहवा मिडिया प्रा.ली. ले चालु आर्थिक बर्ष ०७१।०७२ को लागि प्रथम चौमासिक भित्र कार्त्तिक ३० गते सिद्धार्थनगर नगरपालिकाको सभागृहमा सार्बजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको हुँदाको सो कार्यक्रम सहितलाई समेटेर बनाईएको अन्तिम प्रतिबेदन यसै साथ पेस गरेको व्यहोरा अनुरोध छ ।

**अध्यक्ष**
दिपेश पछाई

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

## सार्वजनिक सुनुवाई कार्यक्रम

## २०७१

समय :– *११.०० बजे,* उद्‍घोषक : **श्री देवप्रसाद ज्ञवाली**

स्थान :– *सिद्धार्थनगर नगरपालिका कार्यालयको सभागृह*

मिति :– *२०७१/७/३०, आईतवार*

प्रस्तुत विषयमा सिद्धार्थनगर नगरपालिकाले आ.ब. २०७०।७१ मा सम्पादन गरेको विकास सम्बन्धि कार्यहरु र न.पा.ले प्रवाह गर्ने सेवा सुविधाको सम्बन्धमा सुशासन (व्यस्थापन र सञ्चालन ऐन २०६४, तत्सम्बन्धि नियमावली २०६५ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०६९ को परिच्छेद ९ को दफा ४९ बमोजिम प्रत्येक चौमासिक भित्र १/१ पटक गरी बर्षको ३ (तिन) पटक सार्वजनिक सुनुवाई गनुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयले **मिति २०७१ कार्तिक ३० गते** सिद्धार्थनगर नगरपालिकाद्धारा कार्यालयको सभागृहमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हुँदा उपस्थित सवै पाहुनाहरुमा हार्दिक स्वागत तथा अभिवादन ।

### आशन ग्रहण

| क्र.स. | कार्यक्रम | नाम | पद |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| | **सभापति** | श्री विष्णुदत्त गौतम | प्रमुख एवम कार्यकारी अधिकृत सि.न.पा. कार्यालय |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | जिल्ला प्रशासन कार्यालय |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | जि.वि.स. रुपन्देही |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | नेपाल विद्युत प्रधिकरण |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | महिला तथा बालबालिका कार्यालय |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | जिल्ला शिक्षा कार्यालय |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | जिल्ला जनस्वास्थ्य कार्यालय |
| | **अतिथि** | श्री प्रतिनीधि ज्यू | जिल्ला पर्यटन कार्यालय |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री सभापति ज्यू | नेपाली काग्रेस, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | ने.क.पा. एमाले, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | ए.ने.क.पा. माओवादी, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम लोकतान्त्रीक, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | जन अधिकार फोरम, नेपाल, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | त. म. लोकतान्त्रिक पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय प्रजातन्त्र पार्टी, नगर समिति |

| | | | |
|---|---|---|---|
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनशक्ति पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमोर्चा, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी एकिकृत, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमुक्ति पार्टी, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी, मार्क्सवादी नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | सद्भावना पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | ने.क.पा. संयुक्त, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम गणतान्त्रिक, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | ने.क.पा. माले, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | सङ्घीय समाजवादी पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | अखण्ड नेपाल पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी(मातृका समुह) नगर कमिटी |
| | **अग्र स्थानमा** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनता दल |

| | | | |
|---|---|---|---|
| | **आशन ग्रहण** | | |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री क्याम्पस प्रमुख ज्यू | भैरहवा बहुमुखी क्याम्पस |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री क्याम्पस प्रमुख ज्यू | पक्लिहवा कृषि क्याम्पस |
| | **अग्र स्थानमा** | श्री क्याम्पस प्रमुख ज्यू | रुपन्देही क्याम्पस |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | सिद्धार्थनगर उद्योग वाणिज्य संघ, रुपन्देही |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | उद्योग व्यापार संगठन, रुपन्देही |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रधानाध्यापक प्रमुख ज्यू | भैरहवा उच्च मा.वि. |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रधानाध्यापक ज्यूहरु | सवै सरकारी तथा नीजि विद्यालय र नीजि कलेज |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री बालकृष्ण भट्टराई ज्यू | साहित्यकार |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रा. डा. गितु गिरी ज्यू | बुद्धिजीवि |
| | | | |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री डा. शंकर नेपाल ज्यू | बुद्धिजीवि |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री डा. शम्भु गुप्ता ज्यू | बुद्धिजीवि |
| | **अग्र स्थानमा आशन ग्रहण** | प्रा. डा. कपिल लामिछाने ज्यू | बुद्धिजीवि |
| | **अग्र स्थानमा** | श्री प्रतिनीधि ज्यू | नेपाल पत्रकार महासंघ, पत्रकारहरुको छाता सगठन |

| | | | |
|---|---|---|---|
| | **आशन ग्रहण** | | |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | गैसस महासंघ |
| | **अग्र स्थानमा** | श्री अध्यक्ष ज्यू | सिद्धार्थ यातायात वस व्यवसायी समिति |
| | **अग्र स्थानमा** | श्री अध्यक्ष ज्यू | पश्चिम नेपाल वस व्यवसायी समिति |
| | **अग्र स्थानमा** | श्री अध्यक्ष ज्यू | ट्रान्सपरेन्सि ईन्टरनेशनल |
| | **अग्र स्थानमा** | श्री अध्यक्ष ज्यू | उपभोक्ता हित संरक्षण मन्च, रुपन्देही |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष ज्यू | सिद्धार्थ साहित्य परिषद, सिद्धार्थनगर |
| | *यथा स्थानमा* | श्री प्रमुख ज्यू | माईती नेपाल, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री प्रमुख ज्यू | नमुना एकिकृत विकास परिषद, सिद्धार्थनगर |
| | *यथा स्थानमा* | पदाधिकारी ज्यूहरु | एकिकृत योजना तर्जुमा समिति, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री प्रमुख तथा प्रतिनीधि ज्यूहरु | विभिन्न संघ सस्थाका प्रमुख प्रतिनीधि |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वडा स्तरिय वातावरण तथा सरसफाई समिति |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वडा नागरिक मंच, सवै |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | नागरिक सचेतना केन्द्र, सवै |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | बेलहिया गाउँ समाज, सिद्धार्थनगर |
| | *यथा स्थानमा* | श्री अध्यक्ष तथा पदाधिकारी | ढाके क्लव, सि.न.पा. ४ |

| | | | |
|---|---|---|---|
| | *आशन ग्रहण* | ज्यूहरु | |
| | | श्री अध्यक्ष ज्यू | महिला स्वास्थ्य स्वयम सेविका |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | बैंकरोड व्यापार प्रर्वद्धन समिति |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वडा स्तरिय विभिन्न क्लब तथा समाजहरु |
| | *यथा स्थानमा आशन ग्रहण* | श्री अध्यक्ष तथा पदाधिकारी ज्यूहरु | वैदिक सनातन धर्म सेवा समिति, सिद्धार्थनगर |
| | *यथा स्थानमा आशन ग्रहण* | उपस्थित पत्रकार ज्यूहरु, नागरिक समाज, गन्यमान्य व्यक्तित्व, वडा नागरिक मन्चका पदाधिकारी, नागरिक सचेतना केन्द्रका पदाधिकारी, वातावरण तथा सरसफाई व्यवस्थापन समुहका पदाधिकारीहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरु एवम कर्मचारीहरु | सवै सहभागीहरु |

**राष्ट्रिय गान :– सवैबाट**

**<u>कार्यक्रमको समुद्घाटन :</u> राष्ट्रिय गानबाट**

**(१) कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य तथा आ.ब. २०७०/७१ मा भए गरेका कामहरुको संक्षिप्त जानकारी**

**:– श्री शैलेन्द्र प्रसाद श्रेष्ठ**

वरिष्ठ ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय

**(२) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिदिनु हुन**

**श्री अध्यक्ष ज्यू,**

भैरहवा मिडिया प्रा.लि., रुपन्देही

**(५) सहभागी बिचमा खुल्ला छलफल सवै सहभागीहरुबाट**

छलफलमा उठेका बिषय बस्तु टिपोट गर्ने :–

१. शैलेन्द्र प्रसाद श्रेष्ठ

२. विवेक कुमार खनाल

३. गणेश बहादुर क्षेत्री

४. यमलाल पाण्डे

**मन्तव्य कार्यक्रम :–**

| क्र.स. | कार्यक्रम | नाम | पद |
|---|---|---|---|
| | **उठेका सुझावहरुमा प्रतिवद्धता (आ.प्र. सग सम्बन्धित)** | श्री गणेश बहादुर क्षेत्री | वरिष्ठ अधिकृत |
| | **उठेका सुझावहरुमा प्रतिवद्धता (आ.प्र. सग सम्बन्धित)** | श्री विवेक कुमार खनाल | वरिष्ठ अधिकृत |
| | **उठेका सुझावहरुमा प्रतिवद्धता (योजना सग सम्बन्धित)** | श्री शैलेन्द्र प्रसाद श्रेष्ठ | वरिष्ठ ईन्जिनियर |
| | **मन्तव्य** | श्री अशोकलाल कर्ण | सद्भावना पार्टी |
| | **मन्तव्य** | श्री उमेश खनाल | ए.नेकपा माओवादी |
| | **मन्तव्य** | श्री राम बहादुर श्रेष्ठ | नेकपा एमाले |
| | **मन्तव्य** | श्री सुरेन्द्र जङ्ग थपा | नेपाली काग्रेस |
| | **प्रतिवद्धता मन्तव्य सहित कार्यक्रम समापन** | श्री विष्णुदत्त गौतम ज्यू | प्रमुख एवम कार्यकारी अधिकृत |
| | | | |




**कार्यक्रमको नामः <u>सार्वजनिक सुनुवाई कार्यक्रम</u>**
आयोजक : सिद्धार्थनगर नगरपालिका कार्यालय
सेवा प्रवाहको सर्वेक्षण तथा मूल्यांकन तथा सेवाग्राहीको सन्तुष्टी मापन : भैरहवा मिडिया प्रा.ली.
स्थान : महेन्द्र सभागृह, नया सडक
मिति : २०७१ कार्तिक ३० गते आईतबार ।
कार्यक्रमका सहभागीः सिद्धार्थनगर नगरपालिकाका स्थानीय वासिन्दा, नागरीक समाजका अगुवा, राजनीतिक दलका प्रतिनिधि, टोल विकास सस्थाका अध्यक्ष ।
कार्यक्रममा सहभागी संख्या : २४५ जना ।
सहजकर्ता : ३ जना ।

सिद्धार्थनगर नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहका बारेमा सार्वजनीक सुनुवाइ कार्यक्रम २०७१ कार्तिक ३० गते नयां सडक स्थित सिद्धार्थनगर नगरपालिकाको सभागृहमा सम्पन्न भयो ।

कार्यक्रमको आयोजना सिद्धार्थनगर नगरपालिकाले गरेको हो । कार्यक्रममा सहजीकरण तथा सेवा प्रवाह र नागरिकको सन्तुष्ठी मापनको सर्वेक्षण तथा मुल्यांकन सार्वजनिक भैरहवा मिडिया प्रा.ली.का संम्भना शर्मा र उहाको समूहले गरेको थियो ।



**कार्यक्रमको उद्देश्य :**

सिद्धार्थनगर नगरपालिकाले गर्ने विकास निर्माण तथा सेवा प्रवाहका बारेमा नागरिकको धारणा बुझ्ने, सुझाव तथा प्रतिक्रिया लिने प्रमुख उद्देश्य रहेको थियो । यसैगरी नगरपालिका आफ्नो काम र जिम्मेवारी प्रति पारदर्शी, कर्तव्यनिष्ठ र जिम्मेवार बन्नु अर्को उद्धेश्य रहेको थियो ।

कार्यक्रममा नागरिकबाट लिइएका मत नागरिक प्रतिवेदन, सन्तुष्ठी मापन लगायतलाई सार्वजनीक गर्ने, नागरिकबाट सुझाव लिने र नागरिकको सुझाव अनुसार कियाकलापमा सुधार ल्याउने कार्यक्रमको अपेक्षा थियो ।

२४५ जना सिद्धार्थनगरका वासिन्दा कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रम लाई दुई भागमा विभाजन गरिएको थियो । औपचारिक उद्घाटन सत्रलाई संचालन सिदार्थनगर नगरपालिकाका सुचना अधिकृत देव ज्ञवालीले संचालन गर्नुभएको थियो । खुला सत्र अर्थात जवाफसवाल सत्रलाई भैरहवा मिडिया प्रालीका सदस्य संम्झना शर्माले संचालन गर्नुभएको थियो ।

कार्यक्रमको अध्यक्षता सिद्धार्थनगर नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत विष्णुदत्त गौतमले गर्नुभएको थियो । कार्यक्रममा विभिन्न दलका प्रमुख तथा प्रतिनीधि, संचारकर्मी, व्यवसायी लगायतको सहभागीता रहेको थियो । कार्यक्रम अवधीभरीको क्रियाकलापलाई उतारी दिपेश पछाईले प्रतिवेदन तयार गर्नु भएको थियो । सिद्धार्थनगर नगरपालिकाका बरिष्ठ ईन्जीनियर शैलेन्द्र श्रेष्ठ, बरिष्ठ अधिकृत बिबेक खनाल, बरिष्ठ अधिकृत गणेश बहादुर क्षेत्री, ईन्जीनियर यमलाल पाण्डे लगायतले टिप्पणी उर्तानु भएको थियो ।

**उद्घाटन सत्र**
**अतिथि :** ४ जना
**वक्ता :** ३ जना
**सहभागी :** २४५ जना
**अध्यक्षता** :विष्णुदत्त गौतम, प्रमुख कार्यकारी अधिकृत सिद्धार्थनगर नगरपालिका
**सुनुवाईमा सहभागी :** ३१ जना




**संचालन** : देव ज्ञवाली
**सुचना अधिकृत सिदार्थनगर नगरपालीका**

सिद्धार्थनगर नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहका बारेमा सार्वजनीक सुनुवाइ कार्यक्रम अध्यक्षको आशन ग्रहणसंगै मध्यान्न १२ बजे सिद्धार्थनगर नगरपालिकाको सभा गृहको सभाहलमा सुरु भई दिउसो ५ बजे सम्पन्न भयो । उद्घाटन सत्रमा जिल्लाका सरोकारवालाहरुलाई पनि बोलाइएको थियो । जसमा विभिन्न दलका प्रतिनिधि, संचारकर्मी लगायतको आतिथ्यता थियो । उद्घाटन सत्रमा

नगरपालिकाका बरिष्ठ ईन्जिनियर शैलेन्द्र प्रसाद श्रेष्ठले सार्बजनीक सुनुवाईको बारेमा प्रकाश पार्नु भएको थियो ।




**शैलेन्द्र प्रसाद श्रेष्ठ, वरिष्ठ ईन्जिनियर**

**योजना प्रमुख सिद्धार्थनगर नगरपालिका**

कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यका बारेमा सिद्धार्थनगर नगरपालिकाका योजना प्रमुखले छोटो खबरमा पनि सिद्धार्थनगर  नगरपालिकाको निम्तोलाई स्वीकार गरेर आएका सबै अतिथि र सहभागी सिद्धार्थनगरलाई स्वागत गर्नुभयो । सिद्धार्थनगर  नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहका बारेमा जनचासो भएकैले उहाहरु यहां आएको हुनसक्ने बताउदै त्यस्तो चासो जगाउन सकेकोमा नगरपालिका प्रति पनि खुशीको महसुस गर्नु भयो । आफ्ना सेवा प्रवाहका बारेमा जन गुनासो सुन्न, पृष्ठपोषण लिन र पारदशीता तथा जवाफदेयी बन्न सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरिएको उहाले बताउनुभयो । उहाले सिद्धार्थनगर नगरपालिकाको परिचय र चालु आर्थिक वर्षका योजनाहरुका बारेमा समेत जानकारी दिनु भएको थियो ।




**<u>सार्वजनीक सुनुवाइ सत्र</u>**

**अध्यक्षः  विष्णुदत्त गौतम**

**प्रमुख एवम कार्यकारी अधिकृत सिदार्थनगर नगरपालीका**




**कार्यक्रम संचालक : संम्झना शर्मा**

सार्वजनीक सुनुवाइ सत्रको पहिलो वक्ताका रुपमा संम्झना शर्मालाई दिईएको थियो । उहाले सार्वजनिक सुनुवाइका मापदण्ड, लक्ष्य उद्धेश्य तथा सिद्धार्थनगर नगरपालिकामा सार्वजनीक सुनुवाइ गर्नुपूर्व तयार पारिएको नागरीक प्रतिवेदन, सेवा प्रदायकको कियाकलाप र सेवाका बारेमा सेवा ग्राहीहरुको सुन्तुष्ठी मापन प्रतिवेदन सार्वजनिक पनि गर्नुभयो । जसको अध्ययन र सार्वजनिक समय करिब २० दिन लागेको थियो ।

सर्बेक्षणमा ५० जना नगरपालिका कार्यालयमा आउने सेवाग्राहिहरु तथा वार्ड नं. ७ र ९ मा ५० जना संग गरी जम्मा १०० जना संग अभिमत बुझ्नको लागी सबै जातजाति, लिंग र क्षेत्रमा नगरवासी सहभागी गराइएको थियो । जसमा सहभागीहरुबाट बिभिन्न खालका जवाफहरु आएका थिए । नराम्रो अर्थात सन्तुष्ठ नभएकोमा एकदमै कम नागरिकको मत परेको थियो । मत सर्बेक्षणमा रहेको प्रश्नावलीमा सबै जनाले सबै प्रश्नहरुमा सहभागीता जनाएका थिएनन् । नगरपालिकामा सिफारिस लिन जानेले नगरपालिकाको योजनाका बिषयमा जानकारी नहुने र एकले अर्काको बिषयमा ज्ञान नहुने भएकाले सबै प्रश्नावलीमा सहभागीता नजनाएको हो ।

उहाले सार्वजनिक सुनुवाइको आचारसंहिताका बारेमा पनि जानकारी गराउनु भएको थियो । जसमा वक्ताले प्रत्यक्ष सरोकारका बिषयमा मात्र प्रश्न गर्ने, एक अर्कालाई आक्षेप लगाउन नपाईने, छोटो प्रश्न सोध्नुपर्ने लगायत आचार संहिता जानकारी गराईएको थियो ।

संम्भना शर्माको प्रस्तुतीपछि कार्यक्रम खुला सत्रमा परिणत भएको थियो । जसलाई संम्भना शर्माले नै संचालन गर्नुभएको थियो । जसमा ३१ जनाले प्रश्न गर्नुभएको थियो । कार्यक्रममा लिखित तथा मौखीक प्रश्न राख्नु भएको थियो । सहभागी सबैले प्रश्न राखेपछि त्यको बिषयगत शिर्षकमा संम्बन्धित महाशाखाका अधिकृतहरुले जवाफ दिनु भएको थियो ।

उत्तरदाताका रुपमा सिद्धार्थनगर नगरपालिकाका कार्यकारी प्रमुख विष्णुदत्त गौतम, योजना प्रमुख वरिष्ठ ईन्जिनियर शैलेन्द्र श्रेष्ठ, वरिष्ठ अधिकृत गणेश बहादुर क्षेत्री र बरिष्ठ अधिकृत बिबेक खनाल रहनु भएको थियो ।



**सिद्धार्थनगर नगरपालिका कार्यालय सार्वजनिक सुनुवाइ कार्यक्रममा उठेका जिज्ञासा तथा सुझावहरु**

**सामान्य प्रशासन महाशाखा**

- नगरवासीसंग कर लिएपछि नगरपालिकाले मुख्य मुख्य सडकको सरसफाई पनि राम्रो संग हुनुपर्ने ।
- थुपारेको फोहोर समयमा उठाउनु पर्ने ।
- आँखा अस्पताल अगाडीको फोहोरमैला व्यवस्थापनमा ध्यान दिनुपर्ने ।
- लुम्बिनी सडकको गेटको छेउमा निर्माण सामाग्री हटाई यातायात तथा ठेलाहरुलाई व्यवस्थित गर्नुपर्ने ।
- लुम्बिनी सडकमा फोहोरमैला व्यस्थापन राम्रो संग गर्नुपर्ने ।
- वि.पि. पथमा सडक तथा नालाको सरसफाई गरी फोहोरमैला व्यवस्थापन राम्रो संग गर्नुपर्ने ।
- फोहोर ढुवानी गर्दा ट्रेक्टरबाट फोहोर जथाभावी खसाली ढुवानी गर्ने गरेको ।
- कहिले काही फोहोर उठाउने ट्रेक्टर ट्रलीमा भरी भराउ गरी ढुवानी नगरेको हुँदा सोमा ध्यान दिनुपर्ने ।

- फोहोरमैला व्यवस्थापनमा निरीक्षण राम्रो संग हुनपर्ने ।
- सार्वजनिक सुनुवाईमा प्रस्तुत भएको मूल्याङ्कनको प्रस्तुतीकरण बमोजिम २५ प्रतिशत मात्र काम भएमा मात्र पनि राम्रो हुने हुँदा सोमा ध्यान दिनुपर्ने ।
- मुख्य सडकहरु सहित गल्लीहरु तथा कच्ची सडकको सफाईमा ध्यान दिनु पर्ने ।
- हाटबजार र माया देवी तरकारी तथा फलफुल बजारबाट निस्कने फोहोरलाई तत्काल व्यवस्थित हुनु पर्ने ।
- हाटबजारको भित्रपट्टी खुल्ला पिसाव गरीने हुँदा सोलाई व्यवस्थित गर्नुपर्ने ।
- भुस्याहा तथा वहुला कुकुरको व्यवस्थापन गर्नुपर्ने ।
- बेलहियालाई सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।
- सार्वजनिक सुनुवाई औपचारिकताका लागी मात्र नभई बास्तविक समस्या समाधानका लागी हुनु पर्ने ।
- ंवार्ड नं. ८ को पुरा भागमा सरसफाईको काम हुनुपर्ने ।
- भुस्याहा कुकुर र छाडा चौपाया नियन्त्रणमा ध्यान दिनुपर्ने ।
- विगतका सार्वजनिक सुनुवाईमा उठेका विषयवस्तुहरु कतिको समाधान भए सोको जानकारी हुनुपर्ने ।
- बसडिलिवा क्षेत्रलाई प्लाष्टिक मुक्त बनाउनमा सहयोग हुनुपर्ने ।
- नगरवासीको आचरणमा सुधार हुनु पर्ने ।
- नागरिक दायित्व हामिले सुधार गर्नुपर्ने ।
- स्थानीय तहमा समितिहरु गठन गरी परिचालन गर्नुपर्ने ।
- सार्वजनिक सम्पत्तिको रेखदेख तथा संरक्षण गर्नुपर्ने ।
- दरखसवा क्षेत्रमा फोहोरमैला व्यवस्थापन राम्रो हुनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन सम्बन्धि तालिमको व्यवस्था हुनु पर्ने ।
- वालमन्दिर छेउको सडकको सफाईमा ध्यान दिनुपर्ने ।
- सभागृह पछाडी फोहोर फाल्ने गरिएको छ त्यसलाई ध्यान दिनुपर्ने ।
- खुल्ला दिशा मुक्त अभियानको प्रगती भएको छैन त्यसमा ध्यान दिनु पर्ने ।
- नगरपालिकाको सवारी सदुपयोग हुनुपर्ने ।
- सरसफाईको विशेष अभियान शहरी क्षेत्रमा भन्दा ग्रामिण क्षेत्रमा बढी आवश्यक रहेकोले सोमा ध्यान दिनुपर्ने ।
- राजनीति दलको परामर्शमा सार्वजनीक सुनुवाई कार्यक्रमको आयोजना गर्नुपर्ने ।
- हरेक वडामा टोल सुधार समिति गठन गरी सरसफाई अभियान सञ्चालन गर्नुपर्ने ।
- वडा सचिवहरुले निर्वाह गर्ने भूमिका प्रभावकारी नभएकोले सोमा ध्यान दिनु पर्ने ।
- प्लाष्टिकको कारणले फोहोर हुने गरेको हुँदा प्लाष्टिक मुक्त नगर बनाउनु पर्ने ।
- बसपार्कबाट गाडी छुट्ने व्यवस्था मिलाउनु पर्ने ।

- पुस्तकालयलाई बालमैत्री बनाउनु पर्ने ।
- गर्मीको समयमा पुस्तकालय अत्यधिक गर्मी भै अध्ययन अनुसन्धानमा आउने पाठकवर्गलाई असुविधा भएकोले सोमा व्यवस्थित गर्नको लागी ध्यान दिनु पर्ने ।
- सिद्धार्थ बसपार्कलाई प्रस्थान अन्तिम विन्दुको रुपमा लागु गर्नुपर्ने ।



**आर्थिक प्रशासन महाशाखा**

- सडक मर्मतमा भुक्तानी भएको रकममा छानविन गर्नुपर्ने ।
- नगरपालिकाको आन्तरिक श्रोतको तुलनामा प्रशासनिक खर्च बढी भयो भन्ने अवस्था कसरी आयो सोमा ध्यान दिनुपर्ने ।
- गरपालिकाले विद्यालयलाई दिनुपर्ने रकम नदिएको ।
- शिक्षामा कति रकम लगानी गर्नुपर्ने हो सोको व्यवस्था गर्नुपर्ने ।
- अघिल्लो कार्यकारी अधिकृतबाट मौखिक आश्वासन पाएको रकम समेत उपलब्ध नगराईएको ।
- महिला लक्षीत बजेट कति विनियोजन भएको छ । त्यो रकम कहाँ खर्च हुन्छ सोको जानकारी हुनुपर्ने ।
- महिला लक्षित कार्यक्रम महिलाले प्रत्यक्ष फाईदा पाउने कार्यक्रममा उपयोग हुनुपर्ने ।
- सिप मुलक कार्यक्रम र स्वास्थ्य सुधार गर्ने कृयाकलापमा बजेट खर्च गर्ने व्यवस्था मिलाउनुपर्ने ।
- रिक्सा भाडाको दर नगरपालिकाले ठाँउ ठाँउमा राख्ने व्यवस्था मिलाउनुपर्ने ।
- महिला शसक्तिकरणमा बजेटद्धारा ध्यान दिनुपर्ने ।
- लक्षीत बर्गको बजेट पिछडावर्गमा पुगेको छैन बजेट विनियोजन हुने गरेको छैन ।
- शिक्षामा पूर्वाधार विकास गर्नुपर्ने ।
- आखाँ अस्पताल अगाडी पार्किङ्गको व्यवस्था मिलाउनुपर्ने ।
- बजेट बाँडफाँडमा सवैलाई ध्यान दिनुपर्ने ।
- बसपार्क भित्र पार्किङ्ग व्यवस्थित कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट व्यवस्था गर्नुपर्ने ।



**योजना महाशाखा**

- सवै वडामा पिच मर्मत पटक पटक गरेतापनि गुणस्तर नभएको ।
- पैसा जम्मा गरेतापनि छर्री हाल्ने काम नभएको ।
- सडक मर्मतमा भुक्तानी भएको रकममा छानविन गर्नुपर्ने ।
- १३ वटा वडामा समान विकास हुनुपर्ने ।
- वि.पि. पथ र बैंक कलोनी जोडिने सडकमा पिच र छर्रीको व्यवस्था हुनुपर्ने ।
- अव्यवस्थित पार्किङ्गलाई सुधार गर्नुपर्ने ।
- आँखा अस्पताल अगाडी सार्वजनिक शौचालय र खाने पानीको व्यवस्था गर्नुपर्ने ।
- ADB को योजना कहाँ कहाँ हुदैछ सोको जानकारी पाउनु पर्ने ।
- पुरानो सुगरमिलको जग्गामा छडपर्व मनाउने स्थलको विकास गर्नु पर्ने ।
- राजमार्ग वेलहियाबाट निर्माण गर्न पहल गर्नुपर्ने ।
- पुरानो जीप पार्कमा पुरानो शौचालय मर्मत हुनुपर्ने ।
- नारायणपथ, मैत्रीपथको मापदण्ड पुनरावलोकन गरेर विकास गर्नुपर्ने ।
- वार्ड नं. ६ र ८ को सिमानामा रहेको नाला व्यवस्थित नहुँदा जनता डुवानमा परेकोले सोमा ध्यान दिनुपर्ने ।
- सडकका खाल्टा खुल्टी पुर्नको लागी छर्रीको माँग गर्दा समेत काम नभएकोले सोमा ध्यान दिनुपर्ने ।
- चिल्ड्रेन पार्कको पुर्वतर्फ पश्चिमाञ्चल स्कुल जाने सडकमा ह्युमपाईप र ग्रेभल गर्नुपर्ने ।
- गुरुङ्ग समाज भवन अन्चलपुरमा १०० मिटर बाटोको अधुरो काम रहेकोले सोमा ध्यान दिनुपर्ने ।
- अन्नपुर्णटोल देखि उत्तर तर्फ हालसम्म छर्री हाल्ने काम नभएकोले सोको कार्यान्वयनमा ध्यान दिनुपर्ने ।
- बुद्धचोकमा सार्वजनिक शौचालय नभएकोले कहिले सम्म निर्माण गर्ने कार्यक्रम छ सोको जानकारी हुनुपर्ने ।
- पानीको निकास हुने गरी ढल निर्माणको बृहत योजना ल्याउनु पर्ने ।

- विभिन्न स्थानहरुमा सार्वजनिक शौचालय बनाउन ध्यान दिनुपर्ने ।
- अटोभिलेजको निर्माणमा सहयोग गर्नुपर्ने ।
- अटोभिलेज सम्म जाने बाटोको निर्माण तत्काल गर्नुपर्ने ।
- वसपार्क पछाडीको नाली आखाँ अस्पताल अगाडी पुग्दा निर्माण अधुरो भएकोले सोमा ध्यान दिनुपर्ने ।
- नगर क्षेत्रमा Labour Market नभएको हुँदा सो बनाउन ध्यान दिनु पर्ने ।
- एकिकृत नगरविकास योजना कार्यान्वयनमा ल्याउन स्थानीय सरोकारवालाहरुलाई ध्यान दिनु पर्ने ।
- संरचनाहरु अपुरो भएकोले लगानीको सदुपयोग नभएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- योजना अनुगमन, मूल्याङ्कन, परीक्षण दिर्घकालीन सोचको कमी भएकोले समस्या आएको हुँदा सोमा ध्यान दिनु पर्ने ।
- निर्माण कार्य बर्षात शुरु भएपछि गर्ने परिपाटी रोकिनु पर्ने ।
- न.पा. र व्यापार संगठन विच विकास लगायतको काममा सहकार्य गरी अगाडी बढनुपर्ने ।
- सभागृहको अगाडी माटो पाटेकोले झन विग्रीएको हुँदा सोमा ध्यान दिनुपर्ने
- दिर्घकालीन योजनाको कमि देखिएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- गल्लामण्डिको बाटो राम्रो बनाउनुपर्ने ।
- फोहोरमैला व्यवस्थापन,सडक, विद्युत र ग्रेभल नै यहाँका प्रमुख समस्या भएकोले सोमा ध्यान दिनुपर्ने ।



- IUDP को काम हुनु भन्दा अगावै खानेपानी, विद्युत र टेलिफोनको काम हुनुपर्ने ।
- प्राविधिकबाट कार्यालयको काममा भन्दा व्यक्तिगत काममा बढी समय दिने गरेकोले सोमा ध्यान आउनुपर्ने ।

लामखुट्टे नियन्त्रण गर्ने अभियान सञ्चालन गर्नुपर्ने ।

- मायादेवी तरकारी तथा फलफुल बजारको अगाडी सडकमा तरकारी बेचविखन भएको हुँदा सोलाई हटाउनुपर्ने

- सडकको पुरानो नाली सफाई गरी चालु गराउनु पर्ने ।
- हाटबजारमा ढुङ्गाहरु अलपत्र छाडिएकोले दुर्घटना हुन सक्ने हुँदा सोमा ध्यान दिनुपर्ने ।
- विगतमा बनेको २० बर्षे कार्ययोजना कार्यान्वयनमा ल्याउनुपर्ने ।
- २०३२ सालमा २० फिट भएको कुलो अहिले मिचेर ६ फिट भएको हुँदा सोमा ध्यान दिनुपर्ने ।
- अटो वर्कसपको निर्माणमा नीति बनाउनुपर्ने
- जथाभावी वर्कसप राख्न नदिने व्यवस्था मिलाउनुपर्ने ।
- सार्वजनिक संरचनाको गुणस्तरमा ध्यान दिनुपर्ने ।
- हरियाली शहरको रुपमा विकास गर्नुपर्ने ।
- डुवानको समस्यालाई अहिले देखि नै ध्यान दिनुपर्ने ।
- नारायणपथ, मैत्रीपथको नालामा ढक्कन लगाउदा नाली सफाई गरेर मात्र लगाउनुपर्नेमा सो नगरेको हुँदा समस्या आएको ।
- बसपार्क भित्र रंग रोगन तथा सरसफाईमा विशेष ध्यान दिनुपर्ने ।
- बसपार्कभित्रको बिजुली वत्तिलाई पूर्ण रुपमा व्यवस्थित गर्नको लागी ध्यान दिनु पर्ने ।
- नगरपालिकाले डुवान भएको क्षेत्रमा मिस्कट छर्री हाल्नुपर्ने ।
- सञ्चालित योजनाहरुको पारदर्शिता हुनुपर्ने ।



**अन्य**

- सडक तथा भन्सारले पनि सार्वजनिक सुनुवाई गर्नु पर्ने ।
- अस्पतालमा डाक्टरहरु नभएकोले विरामीहरुलाई समस्य परेकोले सोमा ध्यान दिनुपर्ने ।
- मातृ मृत्युदर बढेकोले सोमा ध्यान दिनुपर्ने ।
- स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- भिटामिन ए खुवाउने केन्द्र थप्नुपर्ने ।
- सिद्धार्थ राजमार्ग निर्माण हुँदा धुलो धेरै भएकोले सोमा ध्यान दिनुपर्ने ।
- लामखुट्टे झुल बाडने व्यवस्था गर्नुपर्ने ।

<u>**प्रश्नकर्ताहरुका प्रश्न यस प्रकार छन् ।**</u>

**को को ले के के प्रश्न राखे त ?**

**सहभागीहरु को कस्ले के के गुनासाहरु राखे**



**१)आनन्द प्रसाद गुप्ता** : बजारमा मात्र पीच भएकोले अन्यत्र पनि ध्यान दिनुपर्ने । ग्रामिण परिवेशका वस्तीहरुमा ग्राभेल छैन । हिलोमा हिड्नु पर्छ । सडक पीचको मर्मत गर्ने काममा हालसम्म ३ करोड खर्च भयो, तर तीन वर्षपनि चलेन । सोमा ध्यान दिनुपर्ने । पेचिङ्गको काम राम्रो भएको छैन । ३ वर्षसम्म एउटै खाल्डो पुर्ने काम भएको छ । लागत साझेदारीमा छर्री खसाउन जनताले जम्मा गरेको पैसाको काम भएको छैन । नगरपालिकाले शिक्षा र स्वास्थ्यमा लगानी नै गरेको छैन । गरिब विद्यार्थीलाई सहयोग दिनु पर्‍यो । १३ नम्बर वडामा विकासको काम भएकै छैन । न.पा को वडाहरुको स्थिति सुधार भएन् । सबै समस्याको जड स्थानीय निकायको निर्वाचन नभएर हो । पछाडि परेका वडाहरुमा विकासमा प्राथमिकता दिनु पर्छ । सरसफाईमा नीजि क्षेत्रको सहभागितालाई वृद्धि गर्नमा जोड दिनु पर्‍यो ।



**२) प्रख्यात बन्जाडे :**

६ लेनको सडक निर्माण गर्ने क्रममा धुलो बढी उड्यो, सि.न.पा. ८ अन्तर्गत विपीपथ, शिवपथ जोड्ने सडकको स्तर उन्नती हुनु पर्‍यो, न. पा. का प्राविधिक कर्मचारीहरुले कार्यालय को काम भन्दा व्यक्तिगत काममा बढी जोड दिए, सार्वजनिक सुनुवाईमा उठेका कुरामा सुधार हुनुपरयो । योजना तर्जुमा प्रक्रियाबारे जनतालाई स्पष्ट पार्नु पर्ने, न.पा. को आय वृद्धि तथा खर्च कटौटी गर्नु पर्ने, छाडा चौपाया नियन्त्रण गर्नुपर्ने, निर्माण सामग्री र भुस्याहा कुकुरलाई सडकबाट टाढा राख्नु पर्ने, लामखुट्टेको औधरी छिट्नु पर्ने, नक्शा पासको सुचना एसएमएस मार्फत जानकारी दिने व्यवस्था मिलाउनु पर्ने । राम्रो कामको लागि प्रशंसा गर्न सिकौं र विगतका प्रतिबद्धतालाई पुरा गर्नु पर्ने । अव्यवस्थित पार्किङ्गलाई व्यवस्थित बनाउनु पर्ने । आंखा अस्पताल अगाडि सार्वजनिक शौचालय निर्माण अनिवार्य ।



**३ ) रमेश शर्मा :**

लामखुट्टे नियन्त्रणको व्यवस्था किन भएन ? एडिबीको योजना कहां कहां कुन स्थानमा कति खर्च भएको छ ? आंखा अस्पतालको फोहोर व्यवस्थापनलाई ध्यान दिनु परयो र शौचालयको व्यवस्था गर्नु पर्‍यो ।



**४) बाबुराम केशी** :

लुम्बिनीरोडको दायांवायां अव्यवस्थित पार्किङ्गलाई तुरुन्त हटाउनु पर्ने, लुम्बिनीगेट, बुद्धचोकमा फोहोर व्यवस्थानमा कमजोरी, वि.पि. पथमा पनि फोहोर व्यवस्थापन राम्रो भएन । बाटोमा निर्माण सामग्री हटाउने व्यवस्था मिलाउनु पर्ने, ट्याक्टरमा ढुवानी गरिरहेको अवस्थामा फोहोर खस्ने गरेको छ । मायादेवी तरकारी बजारको फोहोरको उचित व्यवस्था हुनुपर्‍यो ।



**५) सियाराम यादव :** प्रस्तुतीमा आएका २५ प्रतिशत मात्र काम पुरा भए पनि नगरपालिका राम्रो हुन्थ्यो । सरसफाई किन राम्रो भएन हाम्रो नगरपालिकामा ? बुटवलमा हुने भैरहवामा किन नहुने ? भित्री गल्ली तथा कच्ची बकाटोमा सरसफाईमा ध्यान दिनु पर्ने र सुगर मिलको जगगामा व्यवस्थित रुपमा छठ पर्व मनाउनका लागि स्थान बनाउने ।



**६) मोहनलाल गुरुङ्ग :** न.पा. को आन्तिरिक स्रोतको तुलनामा प्रशासनिक खर्च बढी भयो भन्ने कुरा बाहिर किन आयो ? यो अवस्थामा विकास कसरी हुन्छ ?



**७) भगवती भट्टराई** : मायादेवी तरकारी बजारमा फोहोर मैला बढी भयो, सुधारको खांचो । फोहोर मैला व्यवस्थापन राम्रो नहुदा लामखुट्टेको समस्या, बुटवलमा झुल बांडियो तर भैरहवामा बाडिएन किन ?



**८) सुरेन्द्र क्षेत्री** : सिद्धार्थ राजमार्ग विस्तारका क्रममा समस्या आएको छ जहां सो  निकायको उपस्थिति देखिएन । सडकको पुरानो नाला सफाई चालु गराउनु पर्‍यो । भुस्याहा कुकुरको सस्या नियन्त्रण हुनु परयो । पुराना शौचालय मर्मत तथा नयां शौचालय निर्माण गर्नु पर्‍यो । वेलहिया नाका प्रवेशद्धारको रुपमा रहेकाले सरसफाईमा विषेश ध्यान दिन जरुरी ।



**९) राम कुमार शर्मा** : मैत्रीपथ, नारायणपथको मापदण्ड पुनरावलोकन गरेर मात्र विकास अगाडि बढाउनु पर्छ । जनतालाई दुःख दिएर विकास गर्नु हुदैन । सरसफाईमा बढी ध्यान दिनु पर्ने ।



**१०) चर्तुभुज रेग्मी** : नगरपालिकाले विद्यालयलाई रकम दिनु पर्ने,। कति प्रतिशत शिक्षामा लगानी गर्नु पर्ने हो, मौखिक आश्वसनले मात्र भएन । नीतिमा हुनु पर्‍यो ।



**११) बेद प्रसाद सापकोटा** : वडा नम्बर ६ र ८ मा व्यवस्थित नाला नहुदा जनता डुवानमा छन् । पटक पटक अनुरोध गर्दा पनि सुनुवाई भएन । सडकमा परेका खाल्डा पुर्न छर्री माग गर्न महिनौ धाउनु पर्ने । ठुला वडा बस्ने ठाउंमा मात्र विकास निर्माणका काम हुने गरेको छ ।



**१२) भीमदेव भट्टराई** : चिल्ड्रेन पार्कको पुर्वपट्टि पश्चिमाञ्चल स्कुल जाने बाटोमा ह्युम पाईप राख्ने तथा बाटो ग्राभेल गर्नु पर्ने ।



**१३) कला गुरुङ्ग** : महिलाहरुको ठुलो सहभागिता भएर पनि बोल्न अवसर दिईदैन । महिला लक्षित कार्यक्रम महिलाले प्रत्यक्ष फाईदा पाउने काममा उपयोग हुनु पर्‍यो । सिप मुलक कार्यक्रम र स्वास्थ्यमा सुधार गर्ने क्रियाकलापमा खर्च गर्ने व्यवस्था मिलाउनु पर्छ ।



**१४)जैनुद्धिन निशा** : अस्पतालमा डाक्टर छैनन् । सरसफाई राम्रो छैन र पढेलेखेको मान्छे पनि छैन हाम्रो टोलमा । त्यसैले यस्ता वडामा बढी ध्यान दिनु पर्छ ।



**१५) सिता काफ्ले** : सार्वजनिक सुनुवाई समस्या समाधानका लागि हो कि औपचारिकताका लागि हो ? अन्नपुर्णटोलको सरसफाई र नाला खोल्ने कुरा विगतका सार्वजनिक सुनुवाईमा पनि उठेका थिए । नगरपालिकाका कर्मचारीहरुको घर अगाडि मात्र सफाई हुने गरेको छ ।



**१६) खड्क बहादुर गुरुङ्ग** : गुरुङ्ग समाज भवन अञ्चलपुरमा १०० मिटर बाटो अधुरो छ पुरा हुन्छ कि हुदैन ? यसको भुक्तानी भयो भएन ? अन्नपुर्णटोल बाहेक ८ नम्बर वडाको अन्य भागमा सफाई हुनु पर्ने ? अन्नपुर्णटोलको उत्तरमा हालसम्म पनि १ दाना गिट्टी खसेन । भुस्याहा कुकुर र छाडा चौपाया नियन्त्रण गर्नुपर्‍यो ।



**१७) तारापति भण्डारी** : बुद्धचोकमा सार्वजनिक शौचालय छैन । कहिले सम्म सम्भव छ ? विगतमा उठेका गुनासा कति समाधान भए ? त्यसको प्रगति आउनु परयो । हाम्रो टोलमा प्लाष्टिक मुक्त गर्न खोजेका छौं के सहयोग हुन्छ ? भिटामिन ए क्याप्सुल खुवाउने केन्द्र थप्नु पर्‍यो । वसडिलवामा पानीको निकासमा ध्यान दिनु परयो ।



**१८) राजेश ढकाल** : विगतको सार्वजनिक सुनुवाई कार्यान्वयनको प्रगति राख्नु पर्दछ । एडिबीको काम हुंदा खानेपानीको व्यवस्था कसरी गर्ने हो ? समयमै ध्यान पुर्‍याउनु पर्‍यो । सार्वजनिक शौचालयको व्यवस्था गर्नु पर्‍यो । ओडिएफ घोषणामा शौचालय निर्माण सहयोगद्धारा आर्थिक अवस्था हेरी नीति बनाउनु पर्‍यो । रिक्सा भाडाको निरीक्षण नगरपालिकाले गरिदिनु परयो । ढुंगा, वालुवा गिट्टी उपलब्धताका लागि

सम्बन्धित निकायमा नगरपालिकाले पनि पहल गरिदिनु पर्‍यो । ढल सफाई नगरी ढक्कन लगाइएको छ । यस्ता कुरामा ध्यान पुर्‍याउनु पर्‍यो ।



**१९ ) अटो भिलेजका अध्यक्ष गुमान सिंह सारु** : सबै वोर्कसपहरु अटो भिलेजमा राख्नु पर्ने, बाहिर अस्त व्यस्त बस्न दिनु भएन । अटो भिलेजमा ग्राभेल गर्नु पर्ने, विजुलीको तारको व्यवस्था छिटो गरिदिनु गर्ने ।



**२०) सोमराज सिग्देल - पारदर्शी नेपाल, अध्यक्ष** ) :

नगरपालिकाको सिमित साधनस्रोतबाट सबै समस्याको समाधान खोज्नु हुदैन । नागरिक दायीत्व हामीले पनि निर्वाह गर्नु पर्छ । सरसफाई व्यवस्थापनमा नगरवासी कै ठुलो भुमिका छ । यसको खोजी कसले गर्ने ? नागरिक समाजसंगको सहकार्यमा जोड दिनु पर्छ । अन्य समर्वजनिक जमिनको खोजी गर्नु पर्ने । राम्रो काम गर्नेलाई धन्यावाद दिन सिक्नु पर्छ ।



**२१) रुपमाया पुन :**

महिला लक्षित बजेट कति छ ? महिलाले प्रत्यक्ष फाईदा पाउने गरी कार्यक्रम कार्यान्वयन हुन्छ कि हुदैन ? महिलाहरुको शसक्तिकरण आवश्यक छ । जन्म दर्ता नभई विद्यालय भर्ना नहुने व्यवस्था भएका कारण जन्मदर्तालाई सहज बनाउनु पर्‍यो । सबै केटाकेटीले

पढ्नपाउनु पर्ने । दरखसवा क्षेत्र वडा नम्बर ३ मा फोहोर मैला व्यवस्थापन राम्रो छैन । वसपार्क पछाडिबाट जाने कुलो आंखा अस्पताल देखि अगाडिको भाग निर्माण भएको छैन यसमा ध्यान दिनुपर्ने ।



**२२) पृथ्वीनारायण ठाकुर : (राष्ट्रिय जनता दल, जिल्ला अध्यक्ष)**

लक्षित वर्गको बजेट पिछडा वर्गमा पुगेको छैन । बजेट समानरुपमा विनियोजन हुने गरेको छैन । आंखा अस्पतालमा सार्वजनिक शौचालय निर्माण गर्नु पर्ने, साईकल, ठेला, मोटरसाईकलको उचित पार्किङ्गको व्यवस्था गर्नु पर्ने ।



**२३) डा. शम्भु कुमार गुप्ता :**

आजको उपस्थितिले यस कार्यक्रमको महत्वलाई दर्शाएको छ । फोहोरमैला जहां मान्छे बस्छ, त्यहां हुन्छ यसलाई न्युनिकरण मात्र गर्ने हो । यो हाम्रै दायित्व हो भन्ने भावना सबैमा जानकारी गराउने काम समर्वजनिक निकायको हो । फोहोर मैला व्यवस्थापन सम्बन्धी सचेतना सबैमा पुर्‍याउनु पर्‍यो । वर्षमा ८०।८५ लाख रुपैंया विकासमा खर्च गर्नुपर्ने पैसा फोहोर मैला व्यवस्थापनमा खर्च भइरहेको छ । हाटबजारमा ढुंगाहरु अलपत्र फ्याकिएको छ । दुर्घटना हुन सक्छ ।  बालमन्दिर छेउको सडक सरसफाई गर्नु पर्ने, छाडा चौपायाले बाटो जाम गर्ने अवस्था छ । रिक्सा चालकका कारण पनि सडक जाम हुने गरेपछि उनीहरु सचेतना जगाउनु पर्छ । विगतमा तयार भएको २० वर्षे कार्ययोजनाको कार्यान्वयन भएन । सार्वजनिक निर्माण कार्यको गुणस्तरीयता बारे सबैको प्रश्न उठ्ने गरेको छ । नगर क्षेत्रमा लेवर मार्केट छैन । यसको व्यवस्था गर्न चासो राख्नु पर्छ । एकीकृत नगर विकास योजना कार्यान्वयनमा स्थानीय सरोकार वालालाई पनि सहभागी गराउने तर्फ ध्यान दिनु पर्‍यो ।



**२४) शान्ति अधिकारी :**

संरचना अधुरो हुदा लगानीको सदुपयोग भएन ।



**२५) तिल ब. मगर(डार्विन) :**

नगरपालिकाले केही राम्रो काम पनि गरेको छ तर प्रायाप्त छैन । अनुगमन, मुल्याङ्कन, परीक्षण र दीर्घकालिन सोचाईको कमि भएकोले समस्या भएको छ । त्यसमा ध्यान दिनु पर्छ । निर्माणको कम वर्षातमा सुरु भए पछि गर्ने परिपाटी रोकिनु पर्छ ।



**२६) नारायण भण्डारी :**

नगरपालिका र व्यापार संगठन बीच विकासमा सहकार्यको निरन्तरता हुन पर्छ । सुधार गर्नु पर्ने क्षेत्र धेरै देखिएको छ । बजेट बाडफांडमा सबैलाई ध्यान दिनु पर्छ । सार्वजनिक संरचनाको गुणस्तरमा ध्यन दिनु पर्छ । समग्र टीमले काम गर्न जरुरी छ

। न.पा लाई हरियाली शहरको रुपमा विकास गर्नु पर्छ । डुवानको समस्यालाई बेलैमा ध्यान दिईनु पर्छ ।

**२७) सागर अधिकारी :**



सभागृहको पछाडि फोहोर फाल्ने गरिएको छ सोलाई हटाउनुपर्ने । सभागृह अगाडि माटो पुर्दा बाटो विग्रीयो । खुल्ला दिशा मुक्त अभियानको प्रगती भएन । नगरपालिकाका सवारी साधनको दुरुपयोग भयो ।

**२८) अशोक कुमार लाल कर्ण - नेपाल सद्भवना पार्टी :**



छठ पर्वमा सहयोग भएन । गल्लामण्डीको बाटो राम्रो भएन । सरसफाई विशष अभियान शहरी क्षेत्रमा भन्दा ग्रामीण क्षेत्रमा बढी आवश्यक छ ।



**२९) उमेश खनाल :**

राजनीतिक दलको परामर्शमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गर्नु पर्ने । सार्वजनिक सुनुवाई एम. सि. पि. एमको औपचारिकताको लागि मात्र हो । अन्यथा यसका विगतका सुझावको कार्यान्वयन अवस्थाको प्रतिवेदन र समिक्षा गरेर मात्र अघि बढ्नु पर्छ । सार्वजनिक सुनुवाई हो कि परिषद् हो ? स्पष्ट हुनु पर्छ । योजना तर्जुमाको आफ्नै प्रक्रिया छ ।  हरेक वडामा टोल सुधार समिति गठन गरी सरसफाई व्यवस्थापन गर्नु पर्छ ।



**३०) राम बहादुर श्रेष्ठ (नेकपा एमाले अध्यक्ष ):**

प्रतिवद्धताको कार्यान्वयन हुनु पर्‍यो ।




**३१) सुरेन्द्र जंग थापा (नेपाली कांग्रेस ) :**

विगत र वर्तमानको तुलनालाई सार्वजनिक सुनुवाई कार्यक्रममा राख्नु पर्‍यो । वडा सचिवहरुले निर्वाह गर्ने भुमिका प्रभावकारी छैन । फोहोरमैला व्यवस्थापन, सडक, विद्युत र ग्राभेल नै यहांका प्रमुख समस्या हुन यसमा ध्यान दिनुपर्छ । आई युडिपीको सडक निर्माण हुनुभन्दा अघि खानेपानी, विद्युत, टेलिफोनको काम हुनु पर्छ । प्लाष्टिकको कारण फोहोर हुने गरेको छ । प्लाष्टिक मुक्त बनाउनु जरुरी छ ।

**सरोकारवाला अर्थात उत्तरदाताको उत्तर तथा प्रतिवद्धता**




**गशेण बहादुर क्षेत्री बरिष्ठ लेखा अधिकृत**

कार्यक्रममा आर्थिक प्रशासन महाशाखा सम्बन्धी उठेका जिज्ञांशाको जवाफ दिदै आर्थिक महाशाखाका विरष्ठ अधिकृत गणेश बहादुर क्षेत्रीले नगरपालिकाको आन्तरिक आयस्रोतको तुलनामा खर्च बढी भएका कारण नगरवासीको चाहना अनुरुप नगरपालिकाले काम गर्न नसकेको स्वीकार गर्दै आन्तरिक आयस्रोत बढाउने तर्फ नगरपालिका लागि रहेको बताउनु भयो । नगरपालिकाले आन्तरिक आय बृद्धीका लागी बिभिन्न कार्यक्रम गरेको छ । एकिकृत सम्पत्ती कर लागु गरेको छ । तर पनि नगरपालिकाको आन्तरिक आय भन्दा प्रशासनिक खर्च बढी रहेकाले समस्या छ । नगरको बिकासको लागी एशियाली बिकास बैकले लगानी गरेको छ । त्यसमा नगरपालिकाले पनि म्याचीड. फण्ट जम्मा गर्नु पर्ने हुन्छ यो रकम समेत

नगरपालिकाले नेपाल सरकारले नगरपालिकालाई दिने अनुदान रकम बाट खर्च गर्नु पर्ने अवस्था छ ।




**विवेक खनाल, वरिष्ठ अधिकृत**

सामान्य प्रसाशनतर्फ कर्मचारीले नगरपालिकाको सवारी साधन तथा अन्य जिन्सी सामान व्यक्तिगत कामका लागि प्रयोग भएको भन्ने गुनासो आएको आधारमा समान्य प्रसाशन महाशाखा प्रमुख वरिष्ठ अधिकृत विवेक खनालले त्यसमा नियन्त्रण भएको जानकारी गराउनु भयो । सो अवसरमा बोल्दै उहांले कतिपय अवस्थामा ल्यापटप जस्ता सामाग्री व्यक्तिसंगै रहने हुंदा यसमा अन्यथा सोच्न नहुने बताउनु भयो । ल्यापटप भन्ने कुरा जहा जुनसुकै स्थानमा रहेर काम गर्ने सक्ने भएकाले यसलाई गलत तरीकाबाट नबुझन आग्रह गर्नु भयो । नगरपालिकाको प्रशासनिक काममा कुनै गुनासो रहे सोझै आफुलाई जानकारी गराउन पनि उहांले सेवाग्रहीहरुलाई आग्रह गर्नुभयो । नगरपालिकाका कर्मचारीहरुको मोटरसाईल निजी प्लेटको भएको जनगुनासो छ यसलाई हामीले यातायात ब्यावस्था कार्यालयलाई पत्र लेखी सरकारी नम्बर प्लेट बनाउन लगाएका छौ ।




**शैलेन्द्र श्रेष्ठ वरिष्ठ ईन्जिनीयर**

कार्यक्रममा सबै भन्दा बढी गुनासाहरु नगरभित्र संचालन भएका विकास निर्माण र गुणस्तरीयताका विषयमा उठेका थिए । विकास निर्माण र योजनाका विषयमा उठेका जिज्ञाशाहरुको जफाव दिदै नगरपालिकाका वरिष्ठ ईन्जिनीयर शैलेन्द्र श्रेष्ठले एडिवीको आर्थिक सहयोगका बारेमा जानकारी गराउनु भयो । नगरको

विकासका लागि नगरपालिकाको एक्लो प्रयासले मात्र गरेर नपुग्ने भन्दै आ–आफनो स्थानबाट सहयोग गर्न नगरवासीमा आग्रह गर्नुभयो । नगरपालिकामा सिमित बजेट छ सिमित बजेटबाट धेरै काम गर्नु पर्ने अवस्था छ । कार्यालयको काम घरमा जस्तै एक्लैले निर्णय गरेर गर्न सकिदैन । नगरबासी सबैको आशा र अपेच्छा पुरा गर्नु पर्ने हुन्छ । सार्बजनीक सुनुवाईका क्रममा ३४ वटा गुनाशाहरु आएका छन् तिनीहरुको समाधानको प्रयास खोज्ने छौ । हामी नगरपालिकाको गुनासाहरु संगै बजेटलाई पनि आधार मानेर काम गर्नु पर्ने हुन्छ ।




**बिष्णुदत्त गौतम, प्रमुख एवम कार्यकारी अधिकृत**

सहभागीहरुले उठाएका जिज्ञाशाहरुको जवाफ दिदै सिद्धार्थनगर नगरपालिका कार्यालयका प्रमुख कार्यकारी अधिकृत विष्णुदत्त गौतमले नगरपालिकाप्रति आएर सल्लाह सुझावका कारण आफुलाई काम गर्न सहज हुने बताउनु भयो । सार्बजनीक सुनुवाई नगरबासीका गुनासा सुन्न र ति गुनासाहरु समाधान गर्नका लागी हो तर यहा नगरवासी आए गुनासा राखे अनि गए । नगरपालीकाले के जवाफ दिन्छ भन्ने कसैलाई चासो छैन । सिमित साधन र स्रोतका बाबजुद नगरवासीका महत्वकांक्षी चाहनाहरु पुरा गर्नु पर्ने भएका कारण प्राथमिकताका आधारमा योजनाहरु सम्पन्न गर्नुपर्ने नगरपालिकाको वाध्यात्मक परिस्थितिलाई बुझ्न पनि उहांले नगरवासीहरुमा अनुरोध गर्नुभयो । सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका कुराहरुलाई आत्मसाथ गरेर सुधार गर्दै लैजाने र अर्को सार्वजनिक सुनुवाई कार्यक्रममा त्यसको प्रत्यक्ष प्रतिफल नगरवासीले महसुस गर्न पाउने बताउनु भयो । सार्वजनि सुनुवाईमा उठेका मुद्धाहरुलाई नगरपालिकाले गंभिर रुपमा लिएको छ । नगरपालिकाले आफुले भ्याएसम्म नगरबासीका समस्याहरु समाधान गरी राम्रो काम गर्ने प्रयासमा छौ । नगरपालिका एक्लैले केही गर्न सक्दैन त्यसमा नगरबासीको साथ चाहिन्छ । नगरबासीले गुनासो गर्नु भन्दा पनि परिवर्तन हेर्नु पर्ने हुन्छ बिगतमा कस्तो अवस्था थियो र परिवर्तन संगै अहिले कस्तो भएको छ त्यसलाई पनि मुल्याङ्कन गर्नु पर्दछ ।

**मुल्यांकन :**

सार्वजनिक सुनुवाई कार्यक्रमलाई यसरी मुल्यांकन गर्न सकिन्छ।

**राम्रा पक्षहरु**

१, तेस्रो पक्षलाई अनुगमन र मुल्यांकन गर्न दिएर आफ्नो सेवा मापन गर्नु ।

२, प्रश्नकर्ता र उत्तरदाता दुवै विषयवस्तुमा मात्र केन्द्रित।

३, कार्यक्रम सहजीकरण उत्तम।

४, उचित व्यवस्थापन।

५, सोधेका प्रश्न र जिज्ञासाबारे स्पष्ट र सरल भाषामा जवाफ दिएको पाइयो।

६. नगरपालिकाका वासिन्दाका पक्षमा तथा विकासका पक्षमा दलीय प्रतिवद्धता आउनु उपलब्धीमूलक।

**सुधारात्मक पक्षहरु**

१, सार्वजनीक सुनुवाइमा नगरपालिका मात्र नभएर नगरबाट सेवा प्रवाह गर्ने अन्य सार्वजनीक

निकायलाई पनि बोलाए अति उत्तम हुने।

२, सार्वजनीक सुनुवाइलाई अझ विस्तृत पार्न सार्वजनीक स्थलमै गर्नुपर्ने।

३, टोल समिति अध्यक्ष र उपभोक्ता समितिका अध्यक्षलाई पनि बोलाउनुपर्ने।

सार्बजनिक सुनुवाई कार्यक्रमको सहजकर्ता

भैरहवा मिडिया प्रा.लि.

अध्यक्ष: दिपेश पछाई

२०७१ कार्त्तिक ३० गते

सिदार्थनगर नगरपालीका, भैरहवा